नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
रानी जमरा कुलरिया सिंचाइ आयोजना
कृषि कार्यक्रम कार्यान्वयन एकाई
टीकापुर, कैलाली

फोन नं.: ०९१-५६१४१५
rjkis2ndagriculture@gmail.com
https://aciu.rjkip.gov.np
Facebook Page: Rani Jamara Kulariya

# चैते धान Threshing Floor निर्माण सहयोगकालागि आवेदन प्रस्ताव पेशगर्ने बारेको सूचना !

सूचना नं. २०/२०८२/८३
(दोस्रो पटक सूचना प्रकाशित मितिः २०८३/०१/२२)

रानी जमरा कुलरिया सिंचाइ आयोजना, कृषि कार्यक्रम कार्यान्वयन एकाइ, टीकापुर, कैलालीको आ.व. २०८२/८३ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार आयोजना कार्यक्षेत्रमा "चैते धानकालागि Threshing Floor निर्माण सहयोग" कार्यक्रम लागत साझेदारी सहकार्य गरी कार्यान्वयन गर्न आवेदन प्रस्ताव आव्हान सम्बन्धी मिति २०८२/११/२५ गतेको सूचना बमोजिम लक्ष्यानुसार आवेदन प्रस्ताव प्राप्त नभएकोले ईच्छुक खाद्यान्न बाली उत्पादन वा बीउ उत्पादन कार्यमा आवद्ध सहकारी/समुह/कम्पनी/समिति/संस्थाले माग आवेदन प्रस्ताव पेश गर्नुहुन यो सूचना पुनः प्रकाशन गरिएको छ। सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (२०८३/०१/२८ गते कार्यालय समय) भित्र आयोजनाको वेबसाइटमा प्रकाशित ढाँचा बमोजिमको आवेदन र रितपूर्वक भरिएको प्रस्ताव फारम यस आयोजनाको कार्यालय, टीकापुर वा सम्पर्क कार्यालय सुखड, कैलालीमा पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराईन्छ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका आवेदनहरु मुल्याङ्कनमा समावेश गरिनेछैन।

| क्र.स. | कार्यक्रम | संख्या | बजेट | लागत साझेदारी सहयोग |
|---|---|---|---|---|
| १ | चैते धानका लागि Threshing Floor निर्माण सहयोग | १ | लागत अनुमान अनुसार | अधिकतम ७५% |

<u>कार्यक्रम सञ्चालन हुने क्षेत्रः</u> रानी जमरा कुलरिया सिँचाइ आयोजनाको कार्य क्षेत्रभित्र (टीकापुर नगरपालिका, भजनी नगरपालिका, घोडाघोडी नगरपालिका, जानकी गाउँपालिका, जोशीपुर गाउँपालिका, बर्दगोरिया गाउँपालिका भरि र लम्कीचुहा नगरपालिकाको वडा नं. ३, ५ र ७ का तोकिएका क्षेत्र)

**आवेदकको योग्यता :-**

- स्थायी प्रकृतिको भौतिक पूर्वाधार निर्माण हुने हुँदा कार्यक्रम सञ्चालन गर्न इच्छुक आवेदक संस्थाको नाममा जग्गाको स्वामित्व अनिवार्यरुपमा हुनुपर्नेछ।

**पेश गर्नुपर्ने कागजातहरु**

१. निर्दिष्ट फर्मेट अनुसारको प्रस्ताव
२. प्रतिबद्धता पत्र
३. आवेदकले ब्यहोर्ने रकम (स्वयं लगानीको सुनिश्चितता) लगानीको श्रोत
४. सहकारी/कम्पनी/समूह/संस्था दर्ता, नविकरण, स्थायी लेखा नम्बरको प्रतिलिपी, कार्यकारी समितिको निर्णयको प्रतिलिपि
५. संरचना निर्माण हुने जग्गाको लालपुर्जाको प्रतिलिपी
६. निर्माण गरीने संरचनाको लागत स्टिमेट (Tentative Cost Estimate)
७. प्रस्तावमा उल्लेखित एउटै कार्यकोलागि अन्य कुनै संघीय सरकार/प्रदेश सरकार/स्थानीय तह/संघ संस्थाबाट सहयोग लिए/नलिएको स्वघोषणा पत्र।

थप जानकारी चाहिएमा आयोजनाको कार्यालय टीकापुर वा सम्पर्क कार्यालय सुखड, कैलालीमा सम्पर्क गर्न सकिनेछ।

भरतप्रसाद कंडेल
आयोजना कोअर्डिनेटर

CamScanner